Laxmi Laghubitta Bittiya Sanstha Ltd.

लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.

(लक्ष्मी सन्राइज बैंक लि. को सहायक कम्पनी)

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय:

कपन मार्ग, महाराजगंज, काठमाडौं । फोन नं.: ०१-४३७३६८२, ०१-४३७३६०४

इमेल: info@laxmilaghu.com.np, वेबसाइट: https://www.laxmilaghu.com.np

INTERIM FINANCIAL STATEMENTS

Condensed Statement of Financial Position
As on Quarter Ended 31,Ashwin,2083

Particular	This Quarter Ending	Immediate Previous Year Ending (Provisional)
Assets		
Cash and Cash equivalent	76,511,288	1,017,375,436
Statutory Balances and Due from Nepal Rastra Bank	27,483,000	27,483,000
Placement with Bank & Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loan and Advances to MFIs & Cooperatives	-	-
Loans and Advances to Customers	6,111,435,512	6,079,367,619
Investment Securities	1,195,600	1,195,600
Current Tax Assets	-	-
Investment Property	-	-
Property and Equipment	33,816,388	34,535,888
Goodwill and Intangible assets	1,716,499	1,716,499
Deferred Tax Assets	94,901,469	94,901,469
Other Assets	111,974,974	109,879,566
Total Assets	**6,459,034,729**	**7,366,455,076**
Liabilities		
Due to Bank and Financial Institutions	-	-
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instrument	-	-
Deposits from Customers	2,856,893,526	2,856,829,876
Borrowing	2,522,802,811	3,465,345,947
Current Tax Liabilities	22,192,046	8,042,940
Provisions	-	-
Deferred Tax Liabilities	-	-
Other Liabilities	122,747,953	134,535,392
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**5,524,636,336**	**6,464,754,155**
Equity		
Share Capital	441,662,100	441,662,100
Share Premium	-	-
Retained Earnings	115,558,995	89,037,440
Reserves	377,177,298	371,001,381
Total Equity	**934,398,393**	**901,700,921**
Total Liabilities and Equity	**6,459,034,729**	**7,366,455,076**
Net assets value per share	1,462.44	1,667.89
Networth Per Share	211.56	204.16

Condensed Statement of Profit or Loss
For the quarter ended 31,Ashwin 2083

Particular	Current Year		Previous Year Corresponding	
	This Quarter	Up to This Quarter (YTD)	This Quarter	Up to This Quarter (YTD)
Interest Income	217,981,939	217,981,939	234,496,842	234,496,842
Interest Expense	88,008,988	88,008,988	93,756,120	93,756,120
Net Interest Income	**129,972,952**	**129,972,952**	**140,740,723**	**140,740,723**
Fee and Commission Income	13,296,484	13,296,484	13,351,561	13,351,561
Fee and Commission Expense	**-**	**-**	**-**	**-**
Net Fee and Commission Income	**13,296,484**	**13,296,484**	**13,351,561**	**13,351,561**
Net Interest, Fee and Commission Income	143,269,436	143,269,436	154,092,284	154,092,284
Net Trading Income	-	-	-	-
Other Operating Income	3,960	3,960	-	-
Total Operating Income	**143,273,396**	**143,273,396**	**154,092,284**	**154,092,284**
Impairment charge/(reversal) for loans and other losses	(8,350,592)	(8,350,592)	10,775,809	10,775,809
Net Operating Income	**151,623,989**	**151,623,989**	**143,316,475**	**143,316,475**
Operating Expense	**104,117,388**	**104,117,388**	**99,160,720**	**99,160,720**
Personnel (Staff) Expenses	86,890,153	86,890,153	82,756,858	82,756,858
Other Operating Expenses	16,097,486	16,097,486	15,248,073	15,248,073
Depreciation & Amortization	1,129,749	1,129,749	1,155,789	1,155,789
Operating Profit	**47,506,600**	**47,506,600**	**44,155,756**	**44,155,756**
Non Operating Income	18,503	18,503	-	-
Non Operating Expense	-	-	-	-
Profit before Income Tax	**47,525,103**	**47,525,103**	**44,155,756**	**44,155,756**
Income Tax Expense	**14,257,531**	**14,257,531**	**13,246,727**	**13,246,727**
Current Tax	14,257,531	14,257,531	13,246,727	13,246,727
Deferred Tax	-	-	-	-
Profit for the Period	**33,267,572**	**33,267,572**	**30,909,029**	**30,909,029**
Condensed Statement of Comprehensive Income	**33,267,572**	**33,267,572**	**30,909,029**	**30,909,029**
Profit and (Loss) for the period	33,267,572	33,267,572	30,909,029	30,909,029
Other Comprehensive Income	-	-	-	-
Total Other Comprehensive Income	**33,267,572**	**33,267,572**	**30,909,029**	**30,909,029**
Basic earnings per share		30.13	-	27.99
Diluted earnings per share		30.13	-	27.99

Ratios as per NRB Directive:

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Up to This Quarter (YTD)	This Quarter	Up to This Quarter (YTD)
Capital Fund to RWA	-	11.03%	-	10.18%
Non-Performing Loan(NPL) to Total Loan	-	12.12%	-	11.79%
Total Loan Loss Provision to Total NPL	-	71.89%	-	77.23%
Cost of Funds	-	6.52%	-	7.28%
Credit to Deposit and Borrowing Ratio	-	195.01%	-	196.90%
Base Rate	-	14.28%	-	14.92%
Interest Rate Spread	-	6.62%	-	7.72%
Interest Rate:				
Deposits	**7.50% - 9.75%**			
Loan and Advances	**12%-15%**			

Statement of distributable profit or loss
For the Quarter ended 31,Ashwin 2083
(As per NRB Regulation)

Particular	Current Year Up to This Qtr YTD	Previous Year Corresponding Qtr YTD
Net profit or (loss) as per statement of profit or loss	**33,267,572**	**30,909,029**
Appropriations:		
a. General reserve	6,653,514	6,181,806
b. Foreign exchange fluctuation fund	-	-
c. Capital redemption reserve	-	-
d. Corporate social responsibility fund	332,676	309,090
e. Employees' training fund	-	-
f. Client Protection Fund	665,351	463,635
g. Other	-	-
Profit or (loss) before regulatory adjustment	**25,616,031**	**23,954,497**
Regulatory adjustment :		
a. Interest receivable (-)/previous accrued interest received (+)	905,524	(29,807,680)
b. Short loan loss provision in accounts (-)/reversal (+)	-	-
c. Short provision for possible losses on investment (-)/reversal (+)	-	-
d. Short loan loss provision on Non Banking Assets (-)/reversal (+)	-	-
e. Deferred tax assets recognized (-)/ reversal (+)	-	-
f. Goodwill recognized (-)/ impairment of Goodwill (+)	-	-
g. Bargain purchase gain recognized (-)/reversal (+)	-	-
h. Actuarial loss recognized (-)/reversal (+)	-	-
i. Other (+/-)	-	-
Net Profit for the Quarter ended Ashwin end 2083 available for distribution	**26,521,555**	**(5,853,183)**
Opening Retained Earning as on Shrawan 1, 2083	89,037,440	18,522,434
Adjustment (+/-)		**(992,535)**
Distributions:		
- Bonus Shares issued	-	-
- Cash Dividend Paid	-	-
Total distributable Profit/(Loss) as on Quarter end date	**115,558,995**	**11,676,716**
Annualized Distributable Profit/Loss Per Share	26.16	2.64

Notes:

1. The interim financial Statements have been prepared in accordance with the NFRS Complaint financial statement format prescribed by Nepal Rastra Bank (NRB) and the principles and policies adopted by the financial institution in accordance with Nepal Financial Reporting Standards (NFRS).
2. Loan and advances have been presented net of Impairments and includes employee credit facilities.
3. Impairments have been taken higher of ECL Calculated as per NFRS-9 or NRB Provisioning requirement under Unified Directive.
4. For Stage 1 and 2 Loans, interest income is recognized on an accrual basis using coupon rate, whereas for stage 3 and POCI loans, it is recognized upon incremental cash receipt basis, in accordance with Interest Income Recognition Guideline, 2025.
5. Financial Statements are subject to review by regulatory authority and statutory auditors.
6. Figures have been regrouped and rearranged as per the necessity.
7. Assets and Liabilities have been presented in their fair value wherever possible.
8. Detail interim financial report has been published in the official website of institution : https://www.laxmilaghu.com.np.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम ३६ को उपनियम (१) अर्न्तगतको अनूसुची-१४ बमोजिम

आ.व. २०८३/८४ को प्रथम त्रैमासिक अवधिको विवरण

१. वित्तीय विवरण :

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण :

आ.व.२०८३/८४ को प्रथम त्रैमासको अपरिष्कृत वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standards-NFRS) का आधारमा रही लेखामान बोर्ड (Accounting Standards Board-ASB) बाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा (Institute of Chartered Accountants of Nepal-ICAN) अनुपालनाको लागि सूचीत गरिएका व्यवस्था बमोजिम नेपाल राष्ट्र बैंकद्वारा "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन नं.४ मा निर्दिष्ट भई वित्तीय अवस्थाको प्रतिवेदन, नाफा नोक्सान विवरण, वितरण योग्य मूनाफा र सो सँग सम्बन्धित वित्तीय परिसूचकहरु यसै साथ प्रकाशित गरिएको छ। जसलाई वित्तीय संस्थाको वेवसाईट ***https://www.laxmilaghu.com.np*** मा पनि राखिएको छ ।

ख) सम्बन्धित पक्ष बीचको कारोवार :

लक्ष्मी सन्राइज बैंक लिमिटेडको सहायक कम्पनीको रुपमा स्थापित यस लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेडमा संस्थापक शेयरधनी श्री लक्ष्मी सन्राइज बैंक लिमिटेडको ७०%, संस्थापक शेयर स्वामित्व रहेको छ भने ३०% शेयर स्वामित्व सर्वसाधारणहरुको रहेको छ। सम्बन्धित पक्षसँगको कारोवार अन्तर्गत यस वित्तीय संस्थाको लक्ष्मी सन्राइज बैंकसँगको तपशिल बमोजिमका कारोवारहरु रहेका छन् ।

शेयर स्वामित्व	बैंकमा रहेको निक्षेप मौज्दात (रु.)	उपभोग गरेको कर्जा सुविधा (रु.)	भुक्तानी भएको ब्याज रकम (रु.)
३०,९१,६३,४७०	६१,७७,२५१	२२,०८,५४६,२२२	२,९१,४२,८२९

ग) प्रमुख वित्तीय अनुपातहरु :

प्रति शेयर आम्दानी (वार्षिकिकरण)	मूल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कूल सम्पत्तीको मूल्य	तरलता अनुपात
३०।९३	२७।०२ गुणा	२११।५६	१,४६२।४४	३.९८

२. व्यवस्थापकीय विश्लेषण :

क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण: चालु आ.व. २०८३/८४ को प्रथम त्रैमासमा संस्थाको समग्र वित्तीय अवस्था सन्तोषजनक रहेको छ । प्राकृतिक प्रकोप तथा अर्थतन्त्रमा देखिएको आर्थिक मन्दी, लघुवित्त संस्था विरुद्ध सञ्चालित गतिविधि,नियमनकारी व्यवस्था जस्ता कारणहरुले गर्दा वित्तीय कारोवारहरुमा असर परेता पनि कारोवारहरुमा क्रमिक सुधारको स्थिती रहेको छ । वित्तीय कारोवारहरु एवम् कर्जा मागहरुमा क्रमिक सामान्य सुधारको कारण चालु आ.व.को प्रथम त्रयमासको अन्तसम्म सञ्चालन मुनाफा सन्तोषजनक रहेको छ । आन्तरिक तथा बाह्य परिस्थितीबाट सिर्जना हुन सक्ने सम्भावित जोखिमलाई विश्लेषण गर्दै वित्तीय कारोवारहरुलाई निरन्तरता दिइदै आईरहेको छ । आगामी दिनमा वित्तीय कारोवारहरुमा क्रमश सुधार भई नियमित र निष्क्रिय कर्जाहरुको असुलीमा तिव्रता र न्यून लागतको कोषहरुको परिचालन गर्दै ब्याज आम्दानी र तरलता अवस्था सन्तोषजनक रहने व्यवस्थापनले अनुमान गरेको छ ।

ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रिय स्तरको यस वित्तीय संस्थाले स्थापनाकाल देखि नै वित्तीय पहुँच अभिबृद्धि गराई नेपालको गरिवी न्यूनीकरण, ग्राहक सदस्यहरुको जीवनस्तरमा सुधार, वित्तीय समावेशीकरण बढाउने दृढ संकल्प लिई नेपाल भरी नै लघुवित्त सेवाहरु प्रदान गर्ने अठोटका साथ लघुवित्त कारोवारहरु गर्दै आएको छ । हाल देशका ७ वटै प्रदेश अन्तर्गतका विभिन्न ५७ जिल्लाहरुमा ९० वटा शाखा कार्यालयहरु मार्फत १,१३,९६७ विपन्न घर परिवारहरुमा लघुवित्त सेवा प्रदान गरिरहेको छ । ग्राहक सदस्यहरुलाई वित्तीय साक्षरता कार्यक्रम, ग्राहकहरुको सीप तथा क्षमता अभिबृद्धि तथा विकासको लागि तालिम, विश्वसनीय कारोवारको लागि प्रविधिमैत्री सेवा सुविधाहरु प्रदान, उचित व्यवहार र आचरण सहितका वित्तीय कारोवारको अभ्यासबाट ग्राहक सन्तुष्टीमा अभिबृद्धि गर्दै व्यवसाय विस्तार र बृद्धिको योजना तथा रणनीतिहरु तय गरी कार्य गरिरहेको छ । आगामी दिनमा व्यवशाय विस्तार र बृद्धिको लागि संस्थाले वित्तीय पहुँच नपुगेका घरधुरीमा वित्तीय सेवा उपलब्ध गराउने योजनाहरु तय गरेको छ ।

ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण : लघुवित्त संस्था विरुद्ध सञ्चालित गतिविधिहरु, आर्थिक गतिविधिहरुमा भएको शिथिलता लगायतका अन्य बाह्य वातावरणीय प्रभावहरुको कारण ग्राहकहरुबाट कर्जाको किस्ता भुक्तानीमा ढिलासुस्ती, कर्जा मिनाहा सम्बन्धी भ्रम जस्ता समस्याहरुको कारण आ.व. २०८३/८४ को प्रथम त्रैमासको कर्जा असुली, नगद प्रवाह, बैंक तथा नगद मौज्दात लगायत नाफा नोक्सानमा प्रतिकुल असर परेको छ । तथापि, उल्लेखित परिस्थिती बीच वित्तीय कारोवारहरु सुचारु हुदै आईरहेको छ ।

३. कानूनी कारवाही सम्बन्धी विवरण :

क) त्रैमासिक अवधिमा वित्तीय संस्थाले वा संस्थाको विरुद्ध कुनै गम्भीर प्रकृतिको मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचना समेत प्राप्त भएको पनि छैन ।

ख) यस संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :

क) दोश्रो बजारमा हुने शेयर सम्बन्धी कारोवारमा विविध समस्याहरुले धितोपत्र बजारलाई असर पारेता पनि यस वित्तीय संस्थाको शेयर कारोवार सन्तोषजनक रुपमा नै भईरहेको छ ।

ख) नेपाल स्टक एक्सचेन्जको वेभसाइट अनुसार गत त्रैमासिक अवधिमा यस संस्थाको शेयरको कारोवार निम्न अनुसारले भएको देखिन्छ ।

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोवार दिन	कारोवार संख्या
रु.९५७.००	रु.७७१.४०	रु.८१४.००	६१	९५६

५. समस्या तथा चुनौती :

वित्तीय संस्थाले भोगेका समस्या तथा चुनौतीहरु निम्नानुसार रहेका छन् ।

- आर्थिक मन्दीको कारण ग्राहकको कृषि,व्यापार, व्यवसाय र रोजगारीमा परेको प्रत्यक्ष प्रभाव ।
- मध्यपूर्वमा भएको युद्धको कारणले कारोवारमा परेको प्रत्यक्ष प्रभाव ।
- रसुवाको भोटेकोशीमा आएको बाढीको कारण परेको प्रत्यक्ष प्रभाव ।
- लघुवित्त वित्तीय संस्था विरुद्ध सञ्चालित गतिविधिहरुको कारण कर्जा असूली तथा लगानीमा समस्या ।
- लघुवित्त संस्थाहरु बीचको अस्वस्थ प्रतिस्पर्धा, कर्जाको दोहोरोपना, बढ्दो निष्क्रिय कर्जा, कारोवार विस्तारमा बढ्दो जोखिम, दक्ष जनशक्तिको अभाव आदी ।

६. संस्थागत सुशासन :

संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुका साथै प्रचलित ऐनहरु कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र सम्बन्धी ऐन २०६३, आयकर ऐन २०५८ तथा श्रम ऐन, २०७४ पालना गर्दै आएको छ । संस्थाको विद्यमान नियम, विनियम, नीति, निर्देशिका र कार्यविधिलाई अनुसरण गर्दै वित्तीय कारोवारहरु सञ्चालन हुदै आईरहेको छ । आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुरुस्त र प्रभावकारी बनाउन सञ्चालक समिति तथा व्यवस्थापकिय तहमा विभिन्न समितिहरु गठन गरी विभिन्न समयमा अध्ययन, विश्लेषण पुनरावलोकन र कार्ययोजना बनाई कार्य गर्दै आईरहेको छ ।

७. सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषण :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उदघोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।